**विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०७/२९ मा बसेको बैठकको एजेन्डा र निर्णयहरूः-**

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ कार्यान्वयन सम्बन्धमा। | स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ को कार्यान्वयनको सन्दर्भमा विराटनगर महानगरपालिकाको आर्थिक विकास सर्वेक्षण गर्ने एवम् आर्थिक विकास योजना निर्माण गर्ने सर्वसम्मतिले निर्णय गरियो। र, नगर कार्यपालिकाको मिति २०७९/०७/०३ मा बसेको बैठकबाट आवधिक योजना निर्माणका लागि चालु आ.व.मा रु.३० लाख रकम विनियोजन भएकोमा सोमध्ये रु.२० लाखभित्रमा आवधिक योजना निर्माणको खरिद प्रक्रिया अगाडि बढाउने र बाँकि रकम अन्य कार्यक्रममा खर्च गर्ने निर्णय भएको हुँदा आगामी नगर सभाबाट अनुमोदन हुनेगरी उक्त बाँकि रकमबाट आर्थिक विकास सर्वेक्षणका लागि रु.५ लाख र आर्थिक विकास योजना निर्माणका लागि रु.५ लाख बजेट व्यवस्थापन गर्ने निर्णय गरियो। |
| २ | नगर प्रहरी ऐन, नियमावली तथा कार्यविधि सम्बन्धमा। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(क) मा भएको व्यवस्था बमोजिम विराटनगर महानगरपालिकाको नगर प्रहरी गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको आवश्यक नगर प्रहरी ऐन, नियमावली तथा कार्यविधिको मस्यौदा तयार गर्न विधेयक समितिलाई जिम्मेवारी दिने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र, रानीको स्तरोन्नति (१५ शैय्याको अस्पतालमा स्तरोन्नति गर्ने) सम्बन्धमा। | विराटनगर महानगरपालिकाको दशौं नगर सभाबाट पारित आ.व.२०७९/०८० को नीति अनुरुप विराटनगर १५ स्थित प्राथमिक स्वास्थ्य केन्द्र, रानीलाई १५ शैय्याको अस्पतालमा स्तरोन्नति गरी सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो। सोका लागि हाललाई नेपाल सरकारबाट प्राप्त संगठन संरचना तथा दरबन्दी तेरिजलाई स्वीकृत गर्ने एवम् उक्त अस्पताल सञ्चालन कार्यविधिको मस्यौदा तयार गर्न सामाजिक समितिलाई जिम्मेवारी दिने निर्णय गरियो। |
| ४ | वडा नं.३ को डुबान सम्बन्धमा। | महानगरक्षेत्रको डुबान समस्या र समाधानको सम्भावित उपायहरूको पहिचान गरेर डुबान नियन्त्रणका लागि आगामी नगर सभाबाट बजेट व्यवस्थापन गरी आवश्यक कार्य गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, वडा नं.३ को डुबान नियन्त्रणका लागि गर्नुपर्ने आवश्यक प्राविधिक कार्यको लागत अनुमान निर्माण गरी/गराई आगामी कार्यपालिका बैठकमा पेस गर्ने निर्णय गरियो। |
| ५ | दाउरा खरिद सम्बन्धमा। | हिउँदे यामको जाडो तथा शीतलहरलाई मध्यनजर गर्दै आगो ताप्ने व्यवस्थाको लागि एवम् विपन्न परिवारलाई शवदाह कार्यमा निःशुल्क उपलब्ध गराउनको लागि डिभिजन वन कार्यालय, मोरङ, विराटनगरमा निःशुल्क दाउरा माग गर्ने र अपुग दाउरा खरिद गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ६ | डेंगु रोग नियन्त्रण कार्यक्रम सञ्चालन सम्बन्धमा। | बढ्दो डेंगु रोगलाई मध्यनजर गर्दै लामखुट्टे नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिंदै सबै वडामा थप प्रभावकारी रुपमा सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| ७ | विराटनगर महानगरपालिका भू-उपयोग कार्यविधि, २०७८ संसोधन सम्बन्धमा। | भू-उपयोग नियमावली, २०७९ एवम् विराटनगर महानगरपालिकाको भू-उपयोग परिषद्ले स्वीकृत गरेको भू-उपयोग योजना बमोजिम विराटनगर महानगरपालिका भू-उपयोग कार्यविधि, २०७८ को संशोधन सर्वसम्मतिले स्वीकृत गरियो। |
| ८ | विविध। | (क) कार्यपालिकाले सम्पादन गरेका कार्य तथा निर्णयहरू सार्वजनिक जानकारीमा ल्याउने प्रयोजनार्थ नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७५ को नियम १७ मा भएको व्यवस्था बमोजिम नगर कार्यपालिकाको प्रवक्ता तोक्ने अधिकार प्रमुखलाई दिने सर्वसम्मतिले निर्णय गरियो।<br>(ख) नेपाल नगरपालिका संघको आयोजनामा Municipalities Network Advocacy on Sanitation in South Asia (Nepal) Phase II परियोजना अन्तर्गत भारतको हैदराबाद र भुवनेश्वरमा मिति २०७९ मङ्सिर ९ देखि १५ गतेसम्म सञ्चालन हुने नगरस्तरीय समावेशी सरसफाई (CWIS) र दिसाजन्य लेदो व्यवस्थापन (FSM) सम्बन्धी क्षमता विकास एवम् अन्य देशमा भइरहेको कार्य, पद्धति तथा नीति नियम लगायतका विषयमा आपसी सिकाइ र अनुभव आदानप्रदान कार्यक्रममा विराटनगर महानगरपालिकाको तर्फबाट प्रमुख श्री नागेश कोइराला र प्रमुख प्रशासकीय अधिकृत श्री विष्णु प्रसाद कोइरालालाई सहभागी हुन जानको लागि भ्रमण स्वीकृति प्रदान गरिदिनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाई सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, प्रमुखको हकमा उक्त भ्रमणको सम्पूर्ण खर्च आयोजकले ब्यहोर्ने र प्रमुख प्रशासकीय अधिकृतको हकमा भारतमा बसोबास तथा भ्रमणको व्यवस्था मात्रै कार्यक्रमबाट हुने भएकोले निजको हवाई तथा अन्य यात्रा खर्च महानगरपालिकाले ब्यहोर्ने निर्णय गरियो। एवम्, दोस्रो चरणको कार्यक्रमको विषयमा समेत छलफल भइरहेको हुँदा दोस्रो चरणमा सहभागी हुन श्री बासु बहादुर बस्नेत (वडा अध्यक्ष, वडा नं.३/वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक), श्री अर्जुन थपलिया (अधिकृतस्तर आठौं), श्री पुनम कुमार दाहाल (अधिकृतस्तर सातौं) र ई.अर्जुन थापा (सिभिल ईन्जिनीयर सातौं) लाई मनोनयन गर्ने तथा निजहरूको बसोबास तथा भ्रमणको व्यवस्था मात्रै कार्यक्रमबाट हुने भएकोले निजको हवाई तथा अन्य यात्रा खर्च महानगरपालिकाले ब्यहोर्ने निर्णय गरियो।<br>(ग) नेपाल सरकार सशर्त कार्यक्रमतर्फ ENSSURE परियोजना अन्तर्गत कार्यगत अभ्यास सहितको तालिम सञ्चालनका लागि Professional Cook, Professional Aluminum Fabricator र Professional Plumber विषयमा तालिम सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

(घ) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरूलाई सेवा निवृत्त हुँदा पाउने उपदान, सञ्चित विदा र औषधि उपचार खर्चका लागि आ.व.२०७९/०८० मा विनियोजित बजेट अपुग हुन गएकोले पारिश्रमिक कर्मचारी बजेट शीर्षकमा विनियोजित रु.२५ करोडमध्ये संघीय सरकार राजस्व बाँडफाँट स्रोततर्फ विनियोजित रु.१५ करोडबाट खर्च हुनेगरी उपदान शीर्षकमा रु.४ करोड, सेवा निवृत्त सञ्चित विदा शीर्षकमा रु.५० लाख र सेवा निवृत्त औषधि उपचार शीर्षकमा रु.६० लाख गरी जम्मा रु.५ करोड १० लाख रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी व्यवस्थापन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ङ) चालु आ.व.२०७९/०८० मा सडक बत्ति कार्यक्रम (पाना नं.८९, सि.नं.३७८) शीर्षकमा विनियोजित रकम रु.८७ लाखबाट टेन्डर स्वीकृत भई बाँकि रकम रु.२२ लाख रहेकोमा कार्यालयमा १०० के.भी. जेनेरेटर खरिद (पाना नं.८९, सि.नं.३८५) शीर्षकमा रु.२५ लाख रकम विनियोजन भएको र हाल जेनेरेटर खरिद गर्न अत्यावश्यक नरहेकोले उक्त रकमलाई सडक बत्ति कार्यक्रममा शीर्षकान्तर गरी एवम् नगरस्तरीय योजना (अनुसूची-९) अन्तर्गत महानगरको बत्ती व्यवस्थापन (पाना नं.२१०, सि.नं.१९०) शीर्षकमा विनियोजित रकम रु.२० लाखमध्ये खर्च भई बाँकि रहेको रकम रु.१० लाख समेतलाई सडक बत्ति शीर्षकमा शीर्षकान्तर गरी जम्मा रु.५७ लाख बराबरको सडक बत्ती कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम खरिद प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो।

(ख) स्थानीय भाषा, कला, साहित्य तथा संस्कृतिको संरक्षण एवम् विकास गर्ने उद्देश्य अनुरुप महानगर प्रज्ञा प्रतिष्ठान गठन र सञ्चालनकाल लागि आवश्यक विधेयकको मस्यौदा तयारी गर्न विधेयक समितिलाई जिम्मेवारी दिने सर्वसम्मतिले निर्णय गरियो।

(च) महानगरपालिकाको विभिन्न वडाहरूबाट सूचीकृत ३१६ जना मध्ये १४० जना बेरोजगार व्यक्तिहरूलाई १०० दिनको न्यूनतम रोजगारी सिर्जना हुनेगरी यस आ.व.२०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सम्बन्धित वडाहरूबाट आयोजना माग गरी प्राप्त हुने आयोजनाहरू आगामी बैठकबाट अनुमोदन हुनेगरी सञ्चालन प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो।

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ, नेपाल प्रदेश नं. १

(छ) आ.व.२०७९/०८० का लागि वडा नं.८ अन्तर्गत सुशीला पाठकको घरदेखि गणेश बस्नेतको फर्निचर उद्योग भएको बाटोसम्म नालासमेत शीर्षक (पाना नं.१३४, सि.नं.१२७) मा विनियोजित रु.१३,६३,५३१।०, बाल मार्ग र दुर्गा कार्कीको घर भएको अधुरो बाटो शीर्षक (पाना नं. १६८, सि.नं.३५३) मा विनियोजित रु.७,००,०००।० (जनसहभागिता बाहेक) र आरके अस्पताल चोकदेखि जय नेपाल चोकसम्म नाला र ग्राभेल शीर्षक (पाना नं.२०४, सि.नं.९६) मा विनियोजित रु.२०,००,०००।० (ज.स.बाहेक) रकमलाई एकीकृत गरी संयुक्त रुपमा ठेक्का प्रक्रियाबाट निर्माण कार्य गर्ने/गराउने र उक्त कार्यको लागि अपुग रकम आगामी नगरसभाबाट अनुमोदन हुनेगरी मर्मत सम्भार शीर्षकबाट व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो। वडा नं.८ अन्तर्गत नै सिवाकोटी मार्गमा आर.सि.सि. स्ल्याब तथा पिच शीर्षक (पाना नं.१३४, सि.नं.१२२) मा विनियोजित रु.६,८६,७७०।० र केशव निरौलाको घर जाने बाटो शीर्षक (पाना नं.१४३, सि.नं.३६८) मा विनियोजित रु.५,७५,०००।० रकमलाई समेत एकमुस्ट गरी संयुक्त रुपमा ठेक्का प्रक्रियाबाट निर्माण कार्य गर्ने/गराउने र उक्त कार्यको लागि अपुग रकम आगामी नगरसभाबाट अनुमोदन हुनेगरी मर्मत सम्भार शीर्षकबाट व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ज) कर्मचारी व्यवस्थापन सम्बन्धी सर्वोच्च अदालतको परमादेश कार्यान्वयन सम्बन्धमा नगर कार्यपालिकाको मिति २०७९/०६/१२ मा बैठकबाट स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१५ मा भएको व्यवस्था बमोजिम पदपूर्ति समितिको अध्यक्षमा श्री दिलिप कुमार चापागाईंलाई मनोनीत गरिएकोमा निजको सट्टा श्री मनोज घिमिरेलाई आगामी नगर सभाबाट अनुमोदन हुनेगरी पदपूर्ति समितिको अध्यक्षमा मनोनयन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(झ) नेपाल सरकारबाट जारी भएको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को दफा १०(क)(१) मा भएको व्यवस्था बमोजिम विराटनगर महानगरपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल